भन्सार महसूल दाखिल गर्नेबारे खाताबाल देशीजतिकै एकामैन्हाको अर्को मैन्हामा दाखिल गराउने सवाल भैरहेको हुँदा निजहरूको हकमा साबिक भैरहेको सवाल सनदबमोजिम कार्य हुने र नेपाली खातावालाजतिकै साबिकमा कार्तिक मसान्त सालतमाम हुँदा पौष मैन्हाभरमा बुझाउने सवाल भैरहेकोमा हाल मन्त्रिमण्डलको निर्णयअनुसार आषाढ मसान्त सालतमाम भएकोले नेपाली खातावालजतिकै भाद्र मसान्तसम्ममा भन्सार महसूल बुझाउनुपर्ने दाखिल गर्नू सो म्यादसम्ममा दाखिल नगरे साल शुरू मितिदेखि सैका २५ का दरले सुद लाग्ने हुनाले सूचना प्रकाश गरिएको छ ।

सेक्रेटरी अर्थ विभाग.

## शाहीभत्ता कमिशनको सूचना

कुनै काम ठेकिई सरकारिया काममा रहेका बाहेक अरू भत्तावालाहरूमध्ये सदर ४ भञ्ज्याङभित्रकाले श्रावण २५ गतेसम्ममा भत्ताकमिशनमा र बाहिरकाले नजिक गोस्वारा, माल, अमिनीसमेत जो छ सो अड्डामा नमुनाबमोजिमको दरखास्त दिनेसमेत गोरखापत्र, रेडियो, गजेटमा प्रसारित भएकोमा सदर ४ भञ्ज्याङभित्र पनि कुनैले बेरामी भै आउन सकेनौं भनी र कुनैले हामीले रेडियो, गोरखापत्र, गजेटहरू लिराखेको नहुनाले थाहै पाएनौं, हामीहरूको बेहोरै नबुझी भत्ता उड्नुपर्ने होइन भन्नेसमेत अनुरोध गरेको कुराहरू भत्ता कमिशनको मिटिङमा प्रस्तावित हुँदा सदरे ४ भञ्ज्याङभित्रकालाई भाद्र मसान्तसम्मको र बाहिरफेरालाई आश्विन मसान्तसम्मको म्याद थप दिने निर्णय भएको हुनाले सो म्यादसम्ममा दरखास्त दिन बाँकी जवानले दरखास्त दिने काम गर्नुहोला

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आजसम्म दरखास्त पठाउनेहरूमा पनि कसैकसैले प्रकाश भएका गजेट-बमोजिम मोहरू १ । को टिकट टाँसी नआएकोले त्यस्ता जवानले टिकट टाँसी अर्को दरखास्त पठाउने वा अघि पठाएकै दरखास्तमा टिकट टाँस्न पठाउनेसमेत जुन कुरामा सुविधा हुन्छ, सोअनुसार गर्ने अनुरोध गरिएको छ ।

सो दरखास्त लिने जिल्लाका अड्डाखानाहरूलाई पनि दरखास्तमा लेखिएबमोजिमको कुरा ठिक बेठिक र दरखास्तमा नलेखिएका कुरामा अड्डाखानाको स्रेस्ता पत्तालागेसम्म लगाई यथार्थ शिफारिस गरी पठाउनुपर्ने जम्मा एकैबाजि नसकिने हुनाले सिद्धिए सिद्धिएजति पटक पटक पठाउँदै गरी कार्तिक १५ गते सम्ममा सबै काम सकिपठाउने म्याद दिइएको छ ।

चेयर म्यान्
भत्ता कमिशन

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।